# शिवराज राजपत्र

## शिवराज नगरपालिकाद्वारा प्रकाशित

खण्डः ८ संख्याः २६ मितिः २०८१।११।१९


## भाग — २

# मेयर तथा उपमेयर उच्च शिक्षा (प्राविधिक तथा साधारण धार) अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८१(पहिलो संसोधन)

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरपालिकाले यो **"मेयर तथा उपमेयर उच्च शिक्षा (प्राविधिक तथा साधारण धार) अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८१"** बनाई लागू गरेको छ ।

# मेयर तथा उपमेयर उच्च शिक्षा (प्राविधिक तथा साधारण धार) अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८१

*नगर कार्यपालिकाबाट स्वीकृत मिति :२०८१/०६/१३*

**प्रस्तावना :**

मौलिक हकको रुपमा रहेको सबैका लागि शिक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न तथा अन्तर्राष्ट्रिय तहमा गरेको प्रतिबद्धता पूरा गर्न विद्यालय बाहिर रहेका बालबालिकाहरूको विद्यालयमा पहुँच बढाउन तथा भर्ना भएका सबै बालबालिकालाई विद्यालयमा टिकाइ राख्न र गुणस्तरीय शिक्षाको सुनिश्चितताका लागि विद्यालय जाने उमेरका लक्षित समुहका बालबालिकाहरूलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था गरिदै आएको छ। स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ को उपदफा २ को ज(१६) मा उल्लेखित निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन र शिवराज नगरपालिकाको पन्ध्रौ नगर सभाबाट स्वीकृत आ.व २०८१/०८२ को वार्षिक कार्यक्रम मेयर तथा उपमेयर उच्च शिक्षा अध्ययन छात्रवृत्ती वितरणको लागि (स्नातक तह अध्ययनका लागि)कार्यक्रमलाई प्रभावकारी रुपमा विद्यार्थीहरूलाई एकिकृत रुपमा छात्रवृत्ती प्रदान गरी लक्षित वर्गसम्म व्यवस्थित, पारदर्शी र प्रभावकारी ढंगबाट पुऱ्याउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकाले **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** को दफा १०२ र **विनियोजन ऐन,२०८१** को दफा ५ ले दिएको अधिकार प्रयोग गरी शिवराज नगरकार्यपालिकाले **"मेयर तथा उपमेयर उच्च शिक्षा (प्राविधिक तथा साधारण धार) अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८१**"बनाई लागू गरेको छ।

## परिच्छेद-१
## संक्षिप्त नाम र प्रारम्भ

**१. संक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम **"उच्च शिक्षा (प्राविधिक तथा साधारण धार) अध्ययन सहयोग छात्रवृत्ति कार्यान्वयन कार्यविधि,२०८१"** रहेको छ।

२) यो कार्यविधि नगरकार्यपालिकाबाट स्वीकृत भएको मिति देखि तुरुन्त लागू हुनेछ।

**२. परिभाषा :** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

क) **"नगरपालिका"** भन्नाले कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका सम्झनु पर्छ ।

ख) **"छात्रवृत्ति"** भन्नाले नगरपालिकाबाट उच्च शिक्षा (**प्राविधिक तथा साधारण धार**) तर्फ अध्ययनरत विद्यार्थीको शिक्षण सहयोगको लागि उपलब्ध गराइएको आर्थिक अनुदान, सहुलियत वा सुविधा सम्झनु पर्छ।

ग) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

घ) **"शिक्षा प्रमुख"** वा **"शिक्षा शाखा प्रमुख"** भन्नाले शिवराज नगरपालिकाको शिक्षा शाखाको प्रमुखलाई सम्झनु पर्छ।

ङ) **"शिक्षा शाखा"** भन्नाले शिवराज नगरपालिकाको शिक्षा शाखा सम्झनु पर्छ।

च) **"उच्च शिक्षा"** भन्नाले विद्यालयको कक्षा १२ उत्तीर्ण गरिसकेपछि प्रदान गरिने ४ वर्षको शैक्षिक वर्षलाई सम्झनु पर्दछ।

# परिच्छेद-२
# उद्देश्य

**३. उद्देश्य :** यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेका छन्।

क) छात्रवृत्ती वितरणका लागि स्पष्ट आधारहरु तोकी छात्रवृत्ति वितरणलाई पारदर्शी बनाउने।

ख) सबै प्रकारका छात्रवृत्ती वितरणमा हुन सक्ने दोहोरोपनाको अन्त्य गर्ने।

ग) छात्रवृत्ती वितरणको अभिलेख व्यवस्थापन र प्रतिवेदन सम्प्रेषणलाई प्रभावकारी र व्यवस्थित बनाउने।

# परिच्छेद-३
# समिति सम्बन्धी व्यवस्था

४. **छात्रवृत्ति छनौट तथा सिफारिस समिति:** (१) नगरपालिकाभित्र स्थायी बसोबासी भई उच्च शिक्षा (**प्राविधिक तथा साधारण धार**) तर्फको शैक्षिक संस्थाहरुमा अध्ययनरत विद्यार्थीहरूलाई अध्ययन सहयोगका लागि प्रोत्साहन स्वरुप छात्रवृत्ति वितरणका लागि देहायका बमोजिमको छात्रवृत्ति छनौट तथा सिफारिस समिति रहनेछः-

क) नगर प्रमुख — संयोजक

ख) नगर उप प्रमुख — सदस्य

ग) प्रमुख प्रशासकिय अधिकृत सदस्य

घ) सामाजिक विकास समितिको संयोजक सदस्य

ङ) दलित/अल्पसंख्यक/महिला कार्यपालिका सदस्यहरु मध्येबाट नगर कार्यपालिकाले मनोनयन गरेको १ जना कार्यपालिका सदस्य सदस्य

च) सामाजिक विकास शाखा प्रमुख सदस्य

छ) आर्थिक प्रशासन शाखा प्रमुख सदस्य

ज) शिक्षा शाखा प्रमुख सदस्य-सचिव

(२) समितिले आवश्यकता अनुसार अन्य विशेषज्ञ एवम् प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) बैठक सम्बन्धी कार्यविधी समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको बैठक आवश्यकतानुसार बस्नेछ।

(५) बैठकमा सहभागी सदस्यहरुको बैठक भत्ता तथा खाजा खर्च नगर कार्यपालिकाको बैठक खर्च शिर्षकबाट व्यवस्थापन हुनेछ।

**५. <u>काम,कर्तव्य र अधिकार</u>** : (१) छात्रवृत्ति छनौट तथा सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क) नगरपालिकाबाट उपलब्ध गराउने छात्रवृत्ती सम्बन्धी आवश्यक अन्य मापदण्ड निर्धारण गर्ने।

ख) निर्धारित मापदण्डका आधारमा छात्रवृत्ति प्रदान गर्न नगर कार्यपालिकालाई सिफारिस गर्ने।

ग) नगरपालिकाबाट प्रदान गरिने छात्रवृत्तिको प्रकार, वितरण प्रक्रिया तथा प्राप्तिका आधार लगायत विषयमा सरोकारवालाहरुलाई जानकारीका लागि सुचना सम्प्रेषण गर्ने।

घ) छात्रवृत्ति आवेदन संकलन, अभिलेख र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको सूची तयार गर्ने।

ङ) छात्रवृत्ति वितरण कार्यक्रमको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गर्ने।

च) छात्रवृत्तिको कार्यान्वयनको अवस्थाको प्रभावकारिता सम्बन्धमा अनुसन्धानात्मक कार्य गर्ने।

छ) नगरपालिकाले छात्रवृत्ती व्यवस्थापन सम्बन्धमा तोकेका अन्य कार्यहरु गर्ने गराउने।

# परिच्छेद-४
# छात्रवृत्ती वितरणको आधार र रकम

६. **उच्च शिक्षा (प्राविधिक धार/संकाय) अध्ययन छात्रवृत्ती** : यस छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछ :-

१) नगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयबाट माध्यमिक तह (कक्षा १० र १२) उत्तीर्ण गरी स्नातक तहको प्राविधिक धार तर्फ (कृषि, भेटेरीनरी, बनबिज्ञान, चिकित्साशास्त्र, इन्जिनियरिङ्ग, सूचना तथा सञ्चार प्रविधि आदि जस्ता विषय अध्ययनरत ५ जना विद्यार्थीलाई यो छात्रवृत्ति प्रदान गरिनेछ।

२) छात्रवृत्ती नगरपालिकाको स्थायी बसोबासी, जेहेन्दार र आर्थिक रुपले विपन्न कक्षा-१२ उत्तीर्ण भई स्नातक तहमा अध्ययनरत विद्यार्थीको हकमा मात्र लागु हुनेछ।

३) यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमको कागजातहरू पेस गर्नु पर्नेछ :-

क) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षाको लब्धांक पत्र (ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) आवेदन गरेको वर्षमा सम्बन्धित (स्नातक) तहमा भर्ना भइ नियमित रुपमा अध्ययनरत प्रमाण खुल्ने सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र,

ङ) सम्बन्धित शैक्षिक संस्थाद्वारा लिइएको प्रवेश परीक्षाको योग्यताक्रमको सूची भएमा

च) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था तथा परिवारको प्रमुख आयस्रोत खुल्ने वडा समितिको निर्णयानुसार सहितको सक्कल सिफारिस पत्र,

छ) आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारिस पत्र।

४) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई चिकित्साशास्त्र र इन्जिनियरिङ्ग विषय तर्फ एकमुष्ट रु ४५,०००/- का दरले वार्षिक रुपमा एक शैक्षिक वर्षको अवधिमा जम्मा ४५,०००/- (अक्षरुपी पैतालिस हजार रुपैंया मात्र) का दरले बढीमा २ जना विद्यार्थीलाई

प्रदान गरिनेछ र अन्य प्राविधिक धार तर्फको विषयको हकमा एकमुष्ट रु. ३०,०००/- दरले वार्षिक रुपमा एक शैक्षिक वर्षको अवधिमा जम्मा ३०,०००/- (अक्षरुपी तीस हजार रुपैंया मात्र) का दरले बढीमा ३ जना विद्यार्थीलाई प्रदान गरिनेछ।

५) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची-१ बमोजिमको कबुलियतनामा पेश गर्नु पर्नेछ।

७. **<u>स्नातक (साधारण धार/संकाय) अध्ययन छात्रवृत्ती</u> :** यस छात्रवृत्ति वितरणको आधार र रकम देहाय बमोजिम हुनेछः-

१) नगरपालिका अन्तर्गतका सामुदायिक तथा संस्थागत विद्यालयबाट माध्यमिक तह (कक्षा १० र १२) उत्तीर्ण गरी स्नातक तहको साधारण धार तर्फ अध्ययनरत विद्यार्थीलाई विनियोजित बजेटको परिधि भित्र रही तोकिएको संख्यामा यो छात्रवृत्ति प्रदान गरिनेछ।

२) छात्रवृत्ती नगरपालिकाको स्थायी बसोबासी, अति गरिब जेहेन्दार र आर्थिक रुपले विपन्न कक्षा १२ उत्तीर्ण भई स्नातक तह अध्ययनरत विद्यार्थीको हकमा मात्र लागु हुनेछ।

३) यस छात्रवृत्तिको लागि आवेदकले देहाय बमोजिमको कागजातहरू पेस गर्नु पर्नेछ :-

क) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षाको लब्धांक पत्र (ग्रेडसिट) र चारित्रिक प्रमाणपत्र,

ख) नेपाली नागरिकता प्रमाणपत्र प्रतिलिपि वा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,

ग) माध्यमिक तह (कक्षा १० र १२) को अन्तिम परीक्षा उत्तीर्ण गरेको विद्यालयको सिफारिस पत्र,

घ) आवेदन गरेको वर्षमा सम्बन्धित (स्नातक) तहमा भर्ना भइ नियमित रुपमा अध्ययनरत प्रमाण खुल्ने सम्बन्धित शैक्षिक संस्थाको सिफारिस पत्र,

ङ) सम्बन्धित शैक्षिक संस्थाद्वारा लिइएको प्रवेश परीक्षाको योग्यताक्रमको सूची भएमा

च) सम्बन्धित वडा कार्यालयबाट प्रमाणित गरिएको आवेदकको पारिवारिक अवस्था तथा परिवारको प्रमुख आयस्रोत खुल्ने वडा समितिको निर्णयानुसार सहितको सक्कल सिफारिस पत्र,

छ) आमा वा बुवा वा दुवै नभएको भए सम्बन्धित वडाबाट आमा वा बुवा वा दुवै नभएको भनि प्रमाणित गरिएको सक्कलै सिफारिस पत्र,

ज) उच्च शिक्षा अध्ययनरत गरिब जेहेन्दार,आदिवासी,जनजाती,मधसी,मुस्लिम,थारु,दलित, शहिद परिवार,खस आर्य,छात्र छात्रा लक्षित समूहलाई छात्रवृतिका लागि अति विपन्नलाई प्राथमिकता दिनेछ।

४) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीलाई बार्षिक एकमुष्ट रुपमा रु २००००/- एक पटक वार्षिक रुपमा एक शैक्षिक वर्षको कार्यक्रम अवधिमा जम्मा २००००/- (बीस हजार मात्र)का दरले प्रदान गरिनेछ. छात्रवृत्रति लागि नगरपालिकाले अन्य संघसंस्थाबाट प्राप्त रकमलाई एकमुष्ठ गरी यसै कार्यविधि बमोजिम छात्रवृत्ती उपलब्ध गराउनेछ।

५) छात्रवृत्तिका लागि छनौट भएका विद्यार्थीले अनुसूची १ बमोजिमको कबुलियतनामा पेस गर्नुपर्नेछ।

६) सम्बन्धित कोटामा आवेदन नपरेको खण्डामा अन्य कोटाको वैकल्पिक विद्यार्थीलाई छात्रवृति प्रदान गरिनेछ।

७) स्नातक तह प्रथम बर्षमा अध्ययरत विद्यार्थीका लागि यो छात्रवृत्ति प्रदान गरिनेछ।

८) स्नातक तह प्रथम बर्षमा छात्रवृत्तिका लागि छनोट भएको विद्यार्थीहरुलाई क्रमश: दोस्रो, तेस्रो र चौथो बर्ष निरन्तर रुपमा छात्रवृत्ति उपलब्ध गराउन सकिनेछ।

# परिच्छेद-५
# छात्रवृत्ति छनौट प्रक्रिया

**८. <u>छात्रवृत्ति छनौट प्रक्रिया</u>:**

१) शिक्षा शाखाले ईच्छुक व्यक्तिहरूबाट आवेदन पेस गर्न कम्तीमा १५ दिनको म्याद दिई नगरपालिकाको सूचना पाटीमा टाँस तथा नगरपालिकाको वेभसाइटमा सूचना प्रकाशित गरी लाभग्राहीलाई जानकारी गर्नेछ र उक्त सूचनामा आवश्यक सम्पूर्ण विवरण खुलाउनु पर्नेछ।

२) शिक्षा शाखाले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी छात्रवृत्तिको प्रकार बमोजिम प्राप्ताङ्क र तोकिएको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नेछ।

३) छात्रवृत्ति छनोटका क्रममा विद्यार्थीको समान अङ्क प्राप्त भएमा सामुदायिक विद्यालयबाट माध्यमिक तह कक्षा १० र १२ उत्तीर्ण छात्रा विद्यार्थीलाई प्राथमिकता दिइनेछ।

४) सम्बन्धित धार तर्फ निर्धारित साथै बराबरको आवेदन पेस हुन नआएमा दफा ४ बमोजिमको समितिको निर्णय बमोजिम सोको अन्य धार तर्फका छात्रवृत्तिका लागि आवेदन पेस भएका विद्यार्थीहरु मध्येबाट मूल्याङ्कनको एकमुष्ट योग्यताक्रमका आधारमा छनौट गरिनेछ।

**९. <u>छात्रवृत्तिका लागि आवेदन दिनु पर्ने</u>:**

१) छात्रवृत्ति प्राप्त गर्न चाहने विद्यार्थीले सूचनामा तोकिएको म्यादभित्र सोही सूचनामा तोकिएको ढाँचा र स्थानमा आवेदन दिनु पर्नेछ।

२) शिक्षा शाखाले प्राप्त हुन आएका आवेदन तथा सो साथ संलग्न कागजातहरूको छानबिन गरी छात्रवृत्तिको प्रकार निर्धारण गरी तोकिएको आधारमा बेग्लाबेग्लै योग्यताक्रम अनुसार सूची तयार गर्नेछ।

३) आवेदन साथ अध्ययन गरिरहेको शिक्षण संस्थाको अनुसूची-३ बमोजिमको सिफारिस पत्र पेस गर्नु पर्नेछ।

**१०. <u>छात्रवृत्ति प्रदान नगरिने वा रद्द गरिने</u>:**

१) छात्रवृत्ति छनौट समितिले देहाय बमोजिमको अवस्थामा छात्रवृत्ति प्रदान नगर्ने वा यस कार्यविधि बमोजिम प्रदान गरिएको छात्रवृत्ति रद्द गर्न सक्नेछ:-

क) झुट्टा विवरणहरू पेश गरेमा,

ख) अध्ययनको वार्षिक प्रगति विवरण समयमा नबुझाएमा,

ग) अध्ययन पूरा नगरेमा,

घ) तोकिएको भन्दा बढी रकम प्राप्त गरी फिर्ता नगरेमा,

ङ) फौजदारी कसुरमा दोषी प्रमाणित भएमा,

च) सम्बन्धित शिक्षण संस्थाबाट निष्कासित भएमा,

छ) सार्वजनिक पद धारण गरेको व्यक्तिका छोराछोरी

ज) ३ कठ्ठा भन्दा बढी कृषिक योग्य जग्गा जमिन भएको परिवारको छोराछोरी वा बार्षिक १ लाख भन्दा बढी आम्दानी भएको परिवारको छोराछोरी

झ) शिवराज नगरपालिकाबाट अन्यत्र घर बनाई स्थायी/अस्थायी बसाइसराई गरेको परिवारको छोराछोरी.

१ (क)

दफा १० को उपदफा १ मा जुन सुकै उल्लेख भएतापनि छात्रवृत्ति छनोट तथा सिफारिस समितिले छात्रवृत्ति प्राप्तीका लागि आवेदन दिएका विद्यार्थिको स्थलगत अध्ययन गरी वास्विक रुपमा विपन्न / जेहेन्दार भएमा छात्रवृत्ति प्रदान गर्न सक्नेछ।

२) छनौट सूचीमा रहेका व्यक्तिको सम्बन्धमा कुनै उजुरी परी छानबिन गर्दा छात्रवृत्ति प्राप्त गर्न अयोग्य भएको वा नपाउने ठहर भएमा सोही छात्रवृत्ति समुहको बैकल्पिक व्यक्तिले योग्यताक्रम अनुसार छात्रवृत्ति पाउन सक्नेछ।

# परिच्छेद-६
# छात्रवृत्तिको रकम निकासा र भुक्तानी प्रक्रिया

**११. <u>छात्रवृत्तिको रकम निकासा र भुक्तानी प्रक्रिया</u>:**

१) छात्रवृत्ति प्राप्त गर्न छनौट भएका विद्यार्थीहरूले आफु अध्ययरत रहेको विद्यालय वा शैक्षिक संस्थाको सिफारिस सहित "क" वर्गको बैंकमा खाता खोली सोको जानकारी नगरपालिकामा दिनु पर्नेछ।

२) नगरपालिकाले छनौट भएका विद्यार्थीबाट अनुसूची-१ बमोजिमको कबुलियतनामा लिइ तोकिएको छात्रवृत्ति रकम बैंक खाता मार्फत निकासा दिनेछ।

३) नगरपालिकाले आर्थिक वर्षको अन्तिम चौमासिक भित्र छात्रवृत्ति रकम एकमुष्ट रुपमा निकासा गरिसक्नु पर्नेछ।

४) शिक्षा शाखाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीको सूची सहित सम्बन्धित शिक्षण संस्थालाई जानकारी गराउनु पर्नेछ र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको विवरण सार्वजनिक गरिनेछ।

**१२. <u>जानकारी गराउनु पर्ने</u>:**

१) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा नगरी बिचैमा छाडेमा त्यसरी छाडेको एक महिनाभित्र सम्बन्धित शिक्षण संस्थाले शिक्षा शाखामा जानकारी गराउनु पर्नेछ।

२) यस कार्यविधि बमोजिम छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरेको विषयको अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त गरेको लिखित जानकारी सहित प्रमाणपत्रको प्रतिलिपि शिक्षा शाखामा पेस गर्नु पर्नेछ।

# परिच्छेद-७
# अनुगमन सम्बन्धी व्यवस्था

**१३. <u>अनुगमन</u> :** नगरपालिकाले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीले छात्रवृत्ति प्राप्त गरे पश्चात शैक्षिक उपलब्धिमा आएको परिवर्तन सम्बन्धमा र अन्य सम्बन्धित विषयमा अनुगमन गर्न सक्नेछ।

# परिच्छेद-८
# विविध

**१४. <u>छात्रवृत्तिको रकम दुरुपयोग गर्न नहुने</u> :**

१) विद्यार्थीको छात्रवृत्ति अनुदान वापतको रकम अन्य कुनै प्रयोजनको लागि खर्च गर्न पाइने छैन। छात्रवृत्तिको रकम अन्य जुनसुकै प्रयोजनको लागि खर्च गरेमा रकमको दुरुपयोग गरेको मानिनेछ।

२) छात्रवृत्तिका लागि विद्यार्थी छनौटका क्रममा समान अङ्क उच्चतम प्राप्ताङ्क, CGPA, GPA समान भएमा स्तरीय भिन्नता कम भएको विद्यार्थी छनौट गरिने छ, स्तरीय भिन्नता पनि समान भएमा एक तह तल्लो योग्यतालाई आधार मानिनेछ।

३) छात्रवृत्ति दोहोरो पर्ने गरी वितरण गरिने छैन। दोहोरो पर्ने गरी वितरण गरेको पाइएमा दोहोरो पर्ने गरी प्राप्त गर्ने विद्यार्थीबाट उक्त रकम असुल उपर गरिनेछ।

**१५. <u>विविध</u> :**

१) यस कार्यविधिमा उल्लेख नभएका छात्रवृत्तिका लागि विद्यार्थी छनौटका अन्य मापदण्ड छात्रवृत्ति छनौट तथा व्यवस्थापन समितिले तय गर्न सक्नेछ।

**१६.<u>बाधा अडकाउ फुकाउन सकिने</u> :** यस कार्यविधिमा लेखिएको कुनै व्यवस्था कार्यान्वयन गर्ने सम्बन्धमा बाधा अडचन परेमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी त्यस्तो बाधा अडचन फुकाउन सक्नेछ।

**१७.<u>प्रचलित कानुन बमोजिम हुने</u> :** यस कार्यविधिमा भएको विषय यसै बमोजिम र अन्य विषय प्रचलित कानुन बमोजिम हुनेछ।

**१८.<u> कार्यविधिमा संशोधन</u>** : यस कार्यविधिमा आवश्यक संशोधन गर्नुपरेमा नगर कार्यपालिकाले संशोधन गर्न सक्नेछ

अनुसूची-१

# कबुलियतनामा

श्री.....................................................को नाति/नातिनि श्री ......................................... को छोरा/छोरी ....................................... जिल्ला कपिलबस्तु शिवराज नगरपालिकामा स्थायी बसोबास गरि बस्ने वर्ष ............ को म............................................ यस शिवराज नगरपालिकाबाट स्नातक तहमा .................. विषय अध्ययन गर्नको लागि छात्रवृत्ति प्राप्त भएपछि अध्ययनको वार्षिक रुपमा प्रगति विवरण बुझाउनका साथै अध्ययन पूरा गर्नेछु। **मैले छात्रवृत्ति प्राप्त गरेको विषयमा यस कार्यविधिमा तोकिएको भन्दा बढी रकम प्राप्त गरेमा, अध्ययन पूरा नगरेमा, छात्रवृत्ति प्राप्त गरेको विषय परिवर्तन गरेमा, दोहोरो पर्ने गरी छात्रवृत्ति स्वीकार गरेको पाइएमा मैले छात्रवृत्ति वापत पाएको आर्थिक सुविधा तथा सोमा लागेको ब्याज रकम समेत शिवराज नगरपालिकालाई बुझाउने छु।** सो रकम नबुझाएमा सरकारी बाँकी सरह असुल उपर गरेमा मेरो मन्जुरी रहनेछ। साथै अध्ययन पूरा गरी प्रमाणपत्र प्राप्त भएको एक महिनाभित्र प्रमाणपत्रको प्रतिलिपि नगरपालिकामा पेस गर्नेछु भनी यो कबुलियतनामा पेस गरेको छु।

<u>छात्रवृत्ति पाउनेको</u>

नामथर :

ठेगाना :

तह :

अध्ययनरत विषय :

मिति :

फोन :

ईमेलः :

**औंठा छाप**

| दाँया | बाँया |
| --- | --- |
| | |

**अनुसूची-२**
**(निवेदन)**

मिति

:............/........./.........
श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवराज नगरपालिका, कपिलवस्तु।

**विषयः** छात्रवृत्ति सम्बन्धमा।

यस शिवराज नगरपालिकाबाट प्रदान गरिने .......................................... छात्रवृत्तिका लागि म/मेरो छोरा/छोरी सम्मिलित हुन ईच्छुक भएकाले, छात्रवृत्तिका लागि फाराम भरी आवश्यक कागजात यसै आवेदन साथ संलग्न गरी पेस गरेको छु।

विद्यार्थीको पूरा नामथरः
In English (Block Letters):
जन्म मिति (YY-MM-DD in BS):
विद्यार्थीको ठेगानाः
अध्ययन गरिरहेको शिक्षण संस्थाको नामः
अध्ययन गरिरहेको विषयः तहः
यस पूर्व कुनै तह अध्ययन गरेको भएः
आवेदकको खाता भएको बैंकको नाम, ठेगानाः
खाता नं.
आमाको नाम थरः पेशाः
बुवाको नाम थरः पेशाः
बाजेको नाम थरः पेशाः
परिवारको वार्षिक आम्दानी अनुमानित (रु)
परिवारको किसिमः संयुक्त एकल
वर्गःजेहेन्दार,आदिवासी,
जनजाती,मधेसी,मुस्लिम,थारु,दलित,शहिदपरिवार,खसआर्य

**संलग्न कागजातहरू :**
नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि
विद्यार्थी परिचय पत्र प्रतिलिपि
शैक्षिक योग्यताका प्रमाणपत्रको प्रतिलिपि

हाल अध्ययनरत शैक्षिक संस्थामा भर्ना भएको प्रमाण सहित नियमित भई ८०% हाजिर भएको व्यहोरा प्रमाणित कागजात

निवेदकको अभिभावकको
हस्ताक्षरः हस्ताक्षरः
नाम,थरःनाम,थरः
ठेगानाःठेगानाः
मोबाइल नं. मोबाइल नं.

**अनुसूची-३**

**शिक्षण संस्थाको सिफारिस पत्र**

**(लेटर हेडमा)**

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
शिवराज नगरपालिका, कपिलवस्तु।

**विषयः** छात्रवृत्ती उपलब्ध गराइदिन सिफारिस गरिएको बारे।

....................................... को आंगिक/सम्वन्धन प्राप्त यस ........................................ ......................... संकाय .................... विषयमा शैक्षिक वर्ष .......... को ........... वर्ष/सेमेष्टरमा अध्ययनरत तपशिलमा उल्लेखित विद्यार्थीलाई शिवराज नगरपालिकाले प्रदान गर्ने ...................... छात्रवृत्ती उपलब्ध गराउन सिफारिस गर्दछु। यस संस्थामा भएको अभिलेख अनुसार निज विद्यार्थीको व्यक्तिगत विवरण देहाय अनुसार छ।

विद्यार्थीको नाम,थर : रोल नं. :
स्थायी ठेगानाः मोबाइल नं.:
खाता रहेको बैंक र खाता नम्बर :
आमाको नामः बुवाको नाम :
अध्ययन पूरा गर्न लाग्ने जम्मा शैक्षिक शुल्क :
निज विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृत्ति पाएको छ/छैन...............
विद्यार्थीले शिक्षण संस्थाबाट छात्रवृत्ति पाएको छ, भने रकम :
उल्लेखित विवरण सहि छ, झुठा ठहरे कानून बमोजिम सजाय भोग्न मञ्जुर छु,छौं।

**सम्बन्धित शिक्षण संस्थाको लेखा कर्मचारी**

हस्ताक्षर :

मिति : शिक्षण संस्थाको छाप

**सम्बन्धित शिक्षण संस्थाको प्रमुखको**

हस्ताक्षर :

मिति :

**अनुसूची-४**

**(दफा ६ को उपदफा (२) सँग सम्बन्धित)**

**छात्रवृत्ती प्रदानका लागि विद्यार्थी छनोटको मूल्याङ्कन फाराम**

| **क.सं** | **मूल्याङ्कनका आधारहरु** | **पूर्णाङ्क** | **प्राप्ताङ्क** | **कैफियत** |
|---|---|---|---|---|
| **१** | **अध्ययनरत संस्था** | **२०** | | |
| क | सामुदायिक | २० | | |
| ख | गुठि (सार्वजनिक) | १८ | | |
| ग | संस्थागत | १५ | | |
| **२** | **बुवाआमाको अवस्था** | **१०** | | |
| क | बुवाआमा दुवै नभएको | १० | | |
| ख | बुवा वा आमा मध्ये एक नभएको | ८ | | |
| ग | बुवा वा आमा दुबै भएमा | ५ | | |
| **३** | **परिवारको प्रमुख आयस्रोत** | **१३** | | |
| क | कृषि पेश मात्र | १३ | | |
| ख | बैदेशिक आय | ९ | | यूरोपियन देश बाहेक |
| ग | व्यापार | ७ | | रु.५० हजार भन्दा तलको |
| घ | रोजगारी | ८ | | बुवा आमा दुबैको नभए |
| घ | रोजगारी | ५ | | बुवा आमामध्ये कुनै एक |

| | | | | |
|---|---|---|---|---|
| ङ | रोजगारी | ३ | | बुवा आमा दुवै जना |
| ४ | कक्षा १० को ग्रेड | २३ | | |
| क | ३.६ जि.पि.ए वा सो भन्दा माथी | २३ | | |
| ख | २.८ जि.पि.ए देखी ३.५९ सम्म | २० | | |
| ग | २.० जि.पि.ए देखी २.७९ सम्म | १७ | | |
| घ | २.० जि.पि.ए भन्दा कम | १४ | | |
| ५ | कक्षा १२ को ग्रेड | २७ | | |
| क | ३.६ जि.पि.ए वा सो भन्दा माथी | २७ | | |
| ख | २.८ जि.पि.ए देखी ३.५९ सम्म | २४ | | |
| ग | २.० जि.पि.ए देखी २.७९ सम्म | २१ | | |
| घ | २.० जि.पि.ए भन्दा कम | १८ | | |
| ६ | प्रवेश परीक्षाको योग्यताक्रम सूची | ५ | | |
| क | प्रवेश परीक्षाको योग्यताक्रमको सूची नं १० सम्मको योग्यताक्रम | ५ | | |
| ख | प्रवेश परीक्षाको योग्यताक्रमको सूची नं १० भन्दा बढीको योग्यताक्रम | २ | | |
| ७ | छात्रा विद्यार्थी | २ | | |
| **जम्मा** | | १०० | | |

***प्रमाणिकरण मिति :२०८१/११/१३***

**आज्ञाले**
**बाबुराम पौडेल**
**प्रमुख प्रशासकीय अधिकृत**